भाग ९  साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

भाग १२ संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग १३ विकास तथा योजनासम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

# गृहमन्त्रालयको विज्ञप्ति

## भाग १

विधानपरिषद्का सदस्यको निर्वाचनसम्बन्धी प्रारम्भिक काम योजनाबमोजिम चलिरहेछ । हाल मतदाताको नामावली बनाउने काम भइरहेछ । भरमुलुकमा जिल्ला, गौंडा, गढी, गोस्वाराका बडाहाकिमहरूलाई आवश्यक निर्देशपत्र, फाराम र अरू कागजातहरू फाल्गुन मैन्हाको पहिलो हप्तादेखि नै यहाँबाट चलान गरियो र तपसीलको मितिमा भिन्न भिन्न ठाउँमा पुग्यो । नामावली बनाउने कामको निमित्त २ महीनाको म्याद दिइएको छ । तराई पहाडका धेरैजसो बडाहाकिमबाट म्याद्भित्रै काम तामेल गरिदिने आश्वासन आएको छ । नामावलीको मसौदा तयार भएपछि त्यसलाई छपाईने र प्रकाश गरिनेछ । नामावलीमा छूटमूट सच्चाउन, भूलसुधार गर्न हरेक निर्वाचनक्षेत्रको निमित्त विशेष अफिसर नियुक्त हुनेछन् । निजलाई नामावली दोहोर्‍याउने अफिसर भनिनेछ । दोहोर्‍याएको नामावली अन्तिम तवरले प्रकाशित हुनेछ । निर्वाचनमा यही नामावली काममा लगाइनेछ ।

निर्वाचन गर्न नामावली बनाउने काम बडा झन्झटको र समय लाग्ने हुन्छ । यातायातको कठिनाइले झन् गाह्रारो पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६

हाम्रो मुलुकमा हाल लगभग पचासलाख मतदाता हुने अन्दाज गरिएको छ । हरेक मतदाताको घरघरै गई निजको नाम, उमेर, बाबुको नाम, घर, नम्बर इत्यादि नामावलीफाराममा लेख्नुपर्छ । यस कामको निमित्त तराईमा जमीनदार, पटवारी र पहाडमा मुखिया तालुकदार खटाइएका छन् । निर्वाचन कमिशनको देखरेखमा बडाहाकिमले काम गर्ने र बडाहाकिमको रेखदेखमा पटवारी, मुखियाले, गाउँगाउँ, घरघर गई नामावलीफाराम बनाउने प्रबन्ध गरिएको छ । मुलुकभरी गर्दा लगभग २५।३० हजार मुखिया, पटवारी यो काममा लागेका छन् ।

करीब १०० वटा निर्वाचनक्षेत्र हुने अन्दाज छ । हरेक निर्वाचनक्षेत्रको नामावलीको १००।१०० प्रति मात्र छपाउँदा पनि ५००।६०० पेजको नामावलीको किताब १०००० थान हुन्छ । यसमा लगभग ३१ लाख ताउ फुल्स्केप साइजको कागज लाग्ने भएको छ ।

निर्वाचनसम्बन्धी काम यथाशीघ्र होस् भनी श्रीमाननीय प्रधानमन्त्रीले हरेक बडाहाकिमलाई आदेश गर्नुभएको छ ।

यो काम चाँडै सक्न जनताको पनि सहयोगको अत्यन्त आवश्यक छ । निर्वाचन कमिशनको सबैसँग प्रार्थना छ कि नामावली बनाउने काममा यथाशक्य सहयोग दिनुहोस् र यसलाई चाँडै सम्पन्न गर्न मद्दत गर्नुहोस् । बर्षादअगाडि यति मात्र गर्न सके पनि एउटा ठूलो पहाड पार गरेझैं हुनेछ ।

तपसील

| जिल्ला | पुगेको मिति | जिल्ला | पुगेको मिति |
|---|---|---|---|
| पूर्व १. नं.— | ०८।११।२२।४ [क] | प.१. नं.— | ०८।११।२२।४ |
| पूर्व २ नं.—— | ०८।११।११।१ | प.२ नं.— | ०८।११।१६।५ |
| पूर्व३ नं.—— | ०८।११।२४।६ [क] | प.३ नं.— | ०८।११।२०।२ (क) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्व ४ न— —०८।११।६।६
धनकुटा —— ०८।११।६।६ [क]
इलाम —·— ०८।११।६।६
चिसापानी —— ०८।११।२१।३
उदयपुर —— ०८।११।१२।१ (क)
बारापर्सा रौतहट —— ०८।११।१६।१
महोत्तरी सर्लाई ——०८।११।१७।६
सप्तरी सिराहा ——०८।११।१२।१
मोरङ —— ०८।११।६।५
झापा——०८।११।६।५ [ख]
दाङ ——०८।११।२३।५ [ख]
खजहनोस्यूराज—०८।११।१५।४ [ख]
कैलाली कञ्चनपूर—०८।११।२३।५ [क]

प.४ नं. —०८।११।२०।२ [क]
पाल्पा — ०८।११।२८।३ [क]
बागलुङ — ०८।१२।१।५ (क)
जुम्ला — ०८।११।२७।२ (क)
दैलेख — ०८।११।२८।३ (क)
डोटी — ०८।११।२८।३ (क)
प्यूठाना — ०८।११।२८।३(क)
बैतडी —— ०८।१२।१।५ [क]
डँडेल धुरा —०८।११।२४।६ [ख]
इल्याना —— ०८।११।६।५ [ख]
पाल्हुीमाफखाङ ०८।११।२६।४[क]
बाँकेबर्दिया — ०८।११।२३।५ [क]

टिप्पणी :—

कोष्टभित्र "क,, भएका हुलाकद्वारा चलान गरिएको मिति,
कोष्टभित्र "ख" भएका बडाहाकिमको हाता सदरमा बुझाएको ।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।